# अर्थिक वर्ष २०८३/०८४ कोका.बा.प्रमुख श्रीइम्तियाज आलमज्यूबाट प्रस्तुत नीति तथा कार्यक्रम

वीरगंज महानगरपालिका

१० असाढ २०८३

टाउन हल, वीरगंज, पर्सा

**वीरगञ्ज महानगरपालिकाको नगरसभाको २० औं अधिवेशन समुद्घाटन समारोहमा का. बा. प्रमुख श्री इम्तियाज आलमज्यूबाट प्रस्तुत आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम**

**नगरसभा सदस्यज्यूहरु,**

वीरगञ्ज महानगरपालिकाको २० औं नगरसभाको यस गरिमामय अधिवेशनमा उपस्थित सम्पूर्ण नगरसभा सदस्यज्यूहरू, राष्ट्रसेवक कर्मचारीहरू, सञ्चारकर्मीहरू तथा सम्पूर्ण सरोकारवाला महानुभावहरूमा हार्दिक स्वागत, नमस्कार तथा सम्मान व्यक्त गर्दछु।

आज यस ऐतिहासिक अवसरमा वीरगञ्ज महानगरपालिकाको आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा मैले अत्यन्तै गौरव र हर्षको अनुभूति गरिरहेको छु। यस अवसरमा आर्थिक वर्ष २०८२/०८३ मा नगरसभाबाट स्वीकृत नीति, कार्यक्रम तथा बजेटको कार्यान्वयनबाट प्राप्त उपलब्धिहरूको समीक्षा गर्दै आगामी वर्षका लागि दिगो शान्ति, विकास, सुशासन र समृद्धिका नयाँ आयामहरू समेटिएको नीति तथा कार्यक्रम प्रस्तुत गर्न उपस्थित भएको छु।

नेपालको लोकतान्त्रिक आन्दोलन, जनआन्दोलन, मधेश आन्दोलन तथा विभिन्न राजनीतिक र सामाजिक परिवर्तनका आन्दोलनहरूमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात-अज्ञात अमर शहीदहरूप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु। साथै, आन्दोलनका क्रममा घाइते, अपाङ्गता भएका तथा महत्वपूर्ण योगदान पुऱ्याउनुहुने सम्पूर्ण महानुभावहरूप्रति उच्च सम्मान व्यक्त गर्दछु।

वीरगञ्ज महानगरपालिकाको समग्र विकास, सेवा प्रवाहको सुदृढीकरण तथा नागरिक जीवनस्तर उकास्न प्रत्यक्ष तथा परोक्ष रूपमा योगदान पुऱ्याउनुहुने सम्पूर्ण नगरवासी, करदाता, जनप्रतिनिधि, कर्मचारी, विकास साझेदार, निजी क्षेत्र, सामाजिक तथा सामुदायिक संघसंस्था र सञ्चार जगतप्रति हार्दिक आभार व्यक्त गर्दछु। यहाँहरूको निरन्तर सहयोग, विश्वास र सहभागिताले महानगरलाई समृद्धिको मार्गमा अघि बढाउन प्रेरणा प्रदान गरेको छ।

विश्वका विभिन्न क्षेत्रमा सृजित तनाव, द्वन्द्व, मध्यपूर्व एशियाको विषम परिस्थिती लगायतका कारणले विश्व अर्थतन्त्रमा आएको आर्थिक मन्दी, मूल्य वृद्धि, तरलता संकुचन, राजश्व परिचालनमा देखिएको शिथिलता तथा वित्तिय हस्तान्तरणमा भएको कटौतीका कारण यस महानगरले अनुमान गरेको आय आशातित रुपमा प्राप्त हुन नसक्दा बजेट कार्यान्वयनमा देखिएको समस्या यहाँहरुलाई सर्वविदितै छ। यद्दपी, उपलब्ध स्रोत र साधनको अधिकतम उपयोग गर्दै समग्रमा उत्पादन, रोजगारी, उद्यमशीलता, लगानी प्रवर्द्धन तथा सेवा प्रवाहमा सुधारमार्फत स्थानीय अर्थतन्त्रलाई थप चलायमान बनाउने दिशामा महानगरपालिका दृढतापूर्वक अगाडि बढिरहेको बेहोरा जानकारी गराउदछु।

हामीले अगाडि सारेको **"वैभव वीरगञ्जः स्मार्ट, समृद्ध, सुरक्षित र अवसरयुक्त महानगर"** केवल नारा मात्र होइन, यो हाम्रो विकासको साझा कार्यदिशा पनि हो। यस नीति तथा कार्यक्रममार्फत हामीले वीरगञ्जलाई

डिजिटल, सुशासनयुक्त महानगर, नागरिक-केन्द्रित सेवा प्रणाली भएको शहर, हरित तथा दिगो शहरी संरचनायुक्त स्थान, उद्यमशीलता र लगानीको केन्द्र, तथा अवसर सिर्जना गर्ने आर्थिक हबका रूपमा रूपान्तरण गर्ने लक्ष्य लिएका छौं।

यसै गरी आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रमले दिगो विकास लक्ष्यहरूको स्थानीयकरण, आधुनिक तथा गुणस्तरीय शहरी पूर्वाधार निर्माण, सुरक्षित र व्यवस्थित बस्ती विकास, शिक्षा तथा स्वास्थ्य सेवाको गुणस्तर अभिवृद्धि, कृषि तथा उद्यम विकास, लगानी तथा पर्यटन प्रवर्द्धन, सुशासन, वातावरण संरक्षण, विपद् व्यवस्थापन, सामाजिक सुरक्षा तथा समावेशी विकासलाई प्रमुख प्राथमिकताका रूपमा अघि सारेको छ। साथै, महानगरपालिकाको आन्तरिक आय अभिवृद्धि, प्रक्रियागत पुनर्संरचना मार्फत सेवा प्रवाह सुधार, प्रविधिमैत्री प्रशासन, नागरिक सहभागितामा आधारित विकास व्यवस्थापन तथा सार्वजनिक स्रोत साधनको पारदर्शी र परिणाममुखी परिचालनलाई विशेष जोड दिइएको छ।

अन्त्यमा, प्रस्तुत नीति तथा कार्यक्रमको सफल कार्यान्वयनमा सम्पूर्ण नगरसभा सदस्यज्यूहरू, कर्मचारीहरू, निजी क्षेत्र, विकास साझेदार, नागरिक समाज तथा सम्पूर्ण वीरगञ्जवासी दाजुभाई तथा दिदीवहिनीहरूको रचनात्मक सहयोग, सुझाव र सक्रिय सहभागिताको अपेक्षा गर्दै आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम यस सम्मानित सभासमक्ष प्रस्तुत गर्ने अनुमति चाहन्छु।

## पूर्वाधार विकास (शहरी पूर्वाधार, खानेपानी, सरसफाई, फोहोरमैला व्यवस्थापन, सडक तथा यातायात, विधुत र भवन तथा भूमि व्यवस्था)

१. वीरगंज महानगरभित्र सफा, सुरक्षित र पिउनयोग्य पानीको व्यवस्था गर्नुका साथै ढल प्रणालीलाई व्यवस्थित बनाउन **एकिकृत खानेपानी तथा ढल व्यवस्थापन आयोजना** संचालन गरिनेछ।

२. स्वच्छ, सफा र स्वस्थ वीरगञ्ज निर्माण गर्न एकीकृत फोहोरमैला व्यवस्थापन प्रणाली विकास गरी फोहोरबाट मोहरको अवधारणा अवलम्बन गर्दै फोहोरको वर्गीकरण, प्रशोधन, पुनःप्रयोग तथा ऊर्जा उत्पादनसम्बन्धी कार्यक्रमलाई प्रोत्साहन गरिनेछ।

३. शहरीकरण र वातावरण संरक्षणबीच सन्तुलन कायम गर्दै हरित पूर्वाधार, खुला क्षेत्र, पार्क तथा हरियाली प्रवर्द्धन गरिनेछ। यसका लागि हरित र आधुनिक विपि उधान जस्ता जलवायु परिवर्तन अनुकूल शहरी विकास कार्यक्रमलाइ निरन्तरता दिदै सञ्चालनमा ल्याइनेछ।

४. महानगरभित्रका मुख्य, सहायक तथा भित्री सडकहरूको स्तरोन्नति, विस्तार र नियमित मर्मत सम्भार गरिनेछ। महानगरभित्रका कृषि सडकहरुको स्तरोन्नति गरी बाह्रै महिना सञ्चालनयोग्य सडक सञ्जाल विकास गरिनेछ।

५. यातायात व्यवस्थापनलाई प्रभावकारी बनाउन स्मार्ट ट्राफिक प्रणाली, पार्किङ व्यवस्थापन तथा पैदलयात्रीमैत्री पूर्वाधार निर्माण गर्दा सडक सुरक्षाका लागि प्रविधिमा आधारित व्यवस्थापन प्रणाली लागू गरिनेछ।

६. महानगर क्षेत्रभित्र सहज आवतजावत गर्न महिला, ज्येष्ठ नागरिक, बालबालिका, अपाङ्गता तथा अशक्तता भएका व्यक्तिहरू र पैदलयात्रीको सहज आवागमन सुनिश्चित गर्न आधुनिक किसिमको सिटी बस, अपाङ्गतामैत्री फुटपाथ तथा पैदलमार्ग निर्माण गरिनेछ।

७. महानगरलाई स्मार्ट सिटीका रूपमा विकास गर्न उज्यालो विरगंज अभियानलाई निरन्तरता दिईनेछ। यसका लागि स्मार्ट सडक बत्ती, CCTV निगरानी प्रणाली, डिजिटल सूचना बोर्ड तथा एकीकृत शहरी सूचना व्यवस्थापन प्रणाली विस्तार गरिनेछ।

८. जेन जी आन्दोलनको क्रममा महानगरको प्रमुख प्रशासनिक भवन लगायत वडा न. १०, १४ र २६ को वडा कार्यालय भवनमा आगलागी भइ नष्ट भएको हुँदा सेवा प्रवाहमा कठिनाइ सिर्जना भइरहेकोले प्रमुख प्रशासनिक भवन र वडा कार्यालयहरु निर्माण सुरु गरिनेछ।

९. वीरगंज महानगरपालिका वडा नं. २८ मा अवस्थित बगही अस्पताललाई पूर्वाधार, सेवा सुविधा, दक्ष जनशक्ति र आधुनिक उपकरणसहित थप स्तरोन्नति गरी **"महानगर नमूना अस्पताल"** को रूपमा विकास गर्ने नीतिलाइ निरन्तरता दिइनेछ।

१०. स्वास्थ्य सेवामा पहुँच विस्तार गर्दै दिगो र स्वास्थ्य मानव पूजी निर्माण गर्नका लागि वीरगंज महानगरपालिकाको वडा नं. १९, २०, २६ र ३१ मा निर्माण सम्पन्न भएका हेल्थ पोष्ट र बर्थिङ सेन्टर सञ्चालनमा ल्याइनेछ।

११. महानगर क्षेत्रभित्र रहेको सम्पूर्ण घरहरुको GIS मा आधारित House Numbering को लागि सम्भावय्ता अध्ययन गर्दै Piloting को लागि कुनै एक वडामा कार्यक्रम लागु गरिनेछ।

१२. सार्वजनिक जग्गाहरुमा भएको अतिक्रमण नियन्त्रण गर्दै अभिलेख ब्यवस्थापन प्रणाली मार्फत भुमि प्रशासन प्रणालीलाइ सुदृढिकरण गरिनेछ। साथै पहिचान भएका जग्गाहरुलाइ आधुनिक तवरबाट संरक्षण गर्दै सार्वजनिक उपयोगिताको क्षेत्रमा उपयोग गरिनेछ।

१३. वडा न. २१ हनुमान चोक अगाडी महानगरपालिकाको नाममा रहेको जमिनको उपयोग गर्न अध्ययन गरिनेछ। डुवानको समस्या भएका वडा न. १७, २४, २५ र २६ मा रहेको करिव तीन सय विघाहा खाली जमिनमा नाला प्रणाली विकास गर्न अध्ययन गरिनेछ।

१४. वडा न. १० मा रहेको घडिअर्वा पोखरीमा Musical Fountain मर्मत गरी संचालनमा ल्याईनेछ। साथै, वडा न. १७ मा निर्माण सम्पन्न बहुउदेश्ययी सामुदायिक भवन संचालनमा ल्याईनेछ।

१५. अलौ पर्वको स्मृति संरक्षण, अध्ययन तथा भावी पुस्तामा ऐतिहासिक चेतना प्रवाह गर्न **अलौ पर्व संग्रहालय** निर्माण गरी संरक्षित ऐतिहासिक गन्तव्यका रूपमा विकास गर्ने नीतिलाइ निरन्तरता दिइनेछ।

१६. गरीब, विपन्न, दलित, एकल महिला तथा लक्षित समूहका परिवारहरूलाई प्रदूषणरहित चुल्हो वितरण नीतिलाइ निरन्तरता दिइनेछ।

**<u>वन, वातावरण तथा विपद व्यवस्थापन</u>**

१७. जलवायु परिवर्तन तथा बढ्दो शहरी तापक्रमको प्रभाव न्यूनीकरणका लागि महानगरभित्र क्रमिक रूपमा शीतल सडक अवधारणा अनुरुप स्थानीय प्रजातिका वृक्षहरू रोपण गरी हरित करिडोर (Green Corridor) विकास तथा गहवामाइ क्षेत्रमा वाटर मिस्ट कुलिंग सिस्टम (Water Mist Cooling System) जडान गरिनेछ।

१८. **"स्वच्छ सिर्सिया, हरित वीरगंजः हाम्रो गौरव, हाम्रो प्रण"** अनुरुप महानगरको गौरव र वातावरणीय संवेदनशीलतासँग जोडिएको सिर्सिया नदीको प्रदूषण नियन्त्रण र पानीको गुणस्तर सुधार गर्न सिर्सिया नदीमा नदीको बहाव (Discharge) मापन गरिनेछ।

१९. जलवायु परिवर्तनको नकरात्मक असरलाइ न्यूनीकरण गर्न सार्वजनिक, निजी तथा सामुदाय सहकार्यमा महानगर क्षेत्रभित्र रहेका सार्वजनिक तथा खुला क्षेत्रमा बृहत बृक्षारोपण कार्यक्रम गरिनेछ।

२०. सहरी ढल र फोहोरपानी प्रशोधन केन्द्रलाई प्रभावकारी रूपमा सञ्चालन गर्न STP (Sewage Treatment Plant) ल्याबका संचालन गरी नियमित परीक्षण गरिनेछ।

२१. विपद् जोखिम न्यूनीकरण र पूर्वतयारीलाई व्यवस्थित गर्न **"स्थानीय विपद् तयारी तथा प्रतिकार्य योजना"** निर्माण गरिनेछ। साथै, स्थानीय विपद् व्यवस्थापन समितिलाई क्रियाशील बनाउन आवधिक बैठक र एकीकृत कार्ययोजना तर्जुमा गरी कार्यान्वयन गरिनेछ।

२२. बाढी, डुबान, आगलागी तथा अन्य विपद्को जोखिम न्यूनीकरण गर्न विपद् उत्थानशील पूर्वाधार विकास गरिनेछ। वर्षातको पानी व्यवस्थापन, जल निकास प्रणाली तथा पूर्वसूचना प्रणालीलाई सुदृढ बनाइनेछ।

२३. महानगरमा हुने सम्भावित आगलागी, बाढी र अन्य प्राकृतिक प्रकोपको तत्काल सम्बोधनका लागि **"विपद व्यवस्थापन कोष"** को परिचालन सुनिश्चित गरिनेछ। अग्रपंक्तिमा खटिने दमकल कर्मचारीहरूको सुरक्षाका लागि व्यक्तिगत सुरक्षा सामग्री (PPE), मौसमी पोशाक खरिद र कर्मचारीहरूको जोखिम बिमा नवीकरण कार्यलाई अनिवार्य गरिनेछ।

२४. **"सफा नाला, स्वस्थ सहरः लामखुट्टे मुक्त वीरगंजको रहर"** नारालाइ आत्मसात गर्दै वर्षातको समयमा हुने डुबान समस्या समाधानका लागि नाला सफाइ कार्यलाई प्राथमिकता दिइनेछ। नाला सफाइमा संलग्न सफाइकर्मीहरूको व्यावसायिक स्वास्थ्य सुरक्षाका लागि सुरक्षात्मक उपकरणहरू उपलब्ध गराइनेछ।

२५. सहरी क्षेत्रमा डेङ्गु, औलो जस्ता घातक रोगहरूको प्रकोप नियन्त्रणका लागि उच्च गुणस्तरीय औषधि खरिद, स्प्रे र फगिङ्ग मेसिनहरूको व्यवस्थापन गरी लामखुट्टे नियन्त्रणलाइ प्रभावकारी बनाइनेछ। यस कार्यका लागि दैनिक ज्यालादारी कामदार परिचालन गरी नगरव्यापी अभियान चलाइनेछ।

२६. सार्वजनिक स्थल र सडक किनारका अनावश्यक झारपात न्यूनीकरणका लागि सुरक्षित केमिकल तथा जैविक विधिहरू प्रयोग गरी व्यस्थित शहरीकरणको अवधारणा अवलम्बन गरिनेछ।

## आर्थिक विकास (कृषि, पशु सेवा, संस्कृति, पर्यटन, रोजगारी, सहकारी)

२७. कृषि क्षेत्रको आधुनिकीकरण, विविधिकरण तथा व्यवसायीकरणका लागि आधुनिक प्रविधिमा आधारित उत्पादनशील कृषि प्रणाली अवलम्बन गरिनेछ। मुख्य खाद्यान्न बाली गहुँको उत्पादकत्व बढाउन कृषकहरूलाई ५० प्रतिशत अनुदानमा उन्नत गहुँको बीउ वितरण गर्ने व्यवस्थालाई महत्वका साथ निरन्तरता दिइनेछ।

२८. जलवायु परिवर्तन तथा रसायनिक मलको उच्चतम प्रयोगका कारण कृषि क्षेत्रमा सिर्जित जोखिम र बालीनालीमा लाग्ने आकस्मिक रोगव्याधि तथा कीरा नियन्त्रणका लागि **"आकस्मिक बाली संरक्षण कार्यक्रम"** सञ्चालन गरिनेछ। कृषकहरूलाई नवीन प्रविधिसँग जोड्न वर्षे र हिउँदे मिनीकिट तथा शहरी क्षेत्रमा च्याउ खेती प्रवर्द्धनका लागि च्याउको बीउ वितरण कार्यक्रमलाई प्राथमिकता दिइनेछ।

२९. कृषि पेशाको विविधीकरण, व्यावसायीकरण र कृषकको आत्मसम्मान अभिवृद्धि गर्न असार १५ लाई धान दिवसको रूपमा मनाउँदै प्राविधिक साक्षरता विस्तार गरिनेछ।

३०. **"नश्ल सुधार र आकस्मिक उपचारः पशुपालनमा वीरगंजको नयाँ पूर्वाधार"** नारालाइ आत्मसात गर्दै निःशुल्क पशु सेवा उपचार कार्यक्रम तथा महामारीजन्य र आकस्मिक रोग निवारणका लागि आवश्यक औषधी खरिद र वितरणको न्यायपूर्ण प्रबन्ध मिलाइनेछ।

३१. आधुनिक प्रविधि मार्फत पशु सेवा क्षेत्रको सुदृढीकरण गर्न पोर्टेबल USG (अल्ट्रासाउन्ड) मेशिन, भेटेरिनरी ल्याव सामग्री र सर्जिकल सामग्रीहरू खरिद गरी निदान प्रणालीलाई विश्वसनीय बनाइनेछ। व्यावसायिक पशुपालनलाई प्रवर्द्धन गर्न कृत्रिम गर्भाधारन कार्यक्रमलाई नगरव्यापी रूपमा विस्तार गरिनेछ।

३२. शहरी जनस्वास्थ्यलाई प्रत्यक्ष असर गर्ने छाडा तथा घरपालुवा कुकुरहरूको बन्ध्याकरण र रेविज रोग नियन्त्रण कार्यक्रमलाई व्यवस्थित रूपमा सञ्चालन गरिनेछ।

३३. महानगरभित्र स्वच्छ मासुको आपूर्ति सुनिश्चित गर्न मासु व्यवसायीहरूसँग छलफल, अन्तरक्रिया र बजार नियमन सुदृढ गरिनेछ। साथै सार्वजनिक निजी लगानीमा बधशालाको निर्माण र संचालनका लागि पहल गरिनेछ।

३४. उपभोक्ता हित संरक्षण उच्च केन्द्र विन्दुमा राखि बजार अनुगमन र नियमन कार्यलाई तीव्र बनाइनेछ। होटल तथा खाद्य व्यवसायीहरूलाई खाद्य स्वच्छता सम्बन्धी सचेतनामुलक कार्यक्रम सञ्चालन गरिनेछ।

३५. उद्योग वाणिज्य कार्यालय, उपभोक्ता हित संरक्षण मञ्च र उत्पादक-व्यवसायीहरू बीच निरन्तर अन्तरक्रिया गरी व्यावसायिक सामाजिक जवाफदेहिता प्रवर्द्धन गरिनेछ। खाद्य उत्पादक तथा व्यवसायीहरूलाई अनिवार्य रूपमा अनुमति पत्र (License) लिन प्रोत्साहन र सहजीकरण गर्न अभिमुखिकरण कार्यक्रम सञ्चालन गरिनेछ।

३६. श्रम बजारको माग र सीपयुक्त जनशक्तिको आपूर्ति बीच सन्तुलन कायम गर्न रोजगारदाताहरूसँग नियमित अभिमुखिकरण तथा अन्तरक्रिया गरीनेछ। बेरोजगार युवाहरूलाई मागमा आधारित र बजारमुखी सीपमूलक तालिम प्रदान गरी स्वरोजगार बन्न प्रोत्साहन गरिनेछ।

३७. वैदेशिक रोजगारलाई सुरक्षित, मर्यादित, र उपलब्धिमूलक बनाउन वैदेशिक रोजगार सम्बन्धी जानकारीमूलक सूचना प्रवाह र होडिङ बोर्ड निर्माण गरिनेछ।

३८. **"रोजगारदाता र श्रमिकको मेलः श्रम बजारमा उत्पादकत्वको खेल"** नाराका साथ रोजगारादाता र श्रमिक विच नियमित अन्तरक्रिया, संवाद तथा अर्थपूर्ण सहकार्यका लागि सकारात्मक उत्प्रेरकको (Catalyst) भूमिका निर्वाह गरिनेछ।

३९. वैदेशिक रोजगारीबाट फर्केका युवाहरूको ज्ञान, सीप र पुँजीलाई स्थानीय उद्यमशीलतामा उपयोग गर्न रिटर्नी स्वयंसेवक र सामाजिक परिचालक परिचालन गरिनेछ। वैदेशिक रोजगारमा आश्रित परिवारहरूको सामाजिक-आर्थिक रूपान्तरणका लागि मनोसामाजिक परामर्शकर्ता र वित्तीय साक्षरता सहजकर्ता परिचालन गर्ने नीतिलाइ निरन्तरता दिइनेछ।

४०. आर्थिक विकासको बलियो खम्बाको रूपमा रहेको सहकारी क्षेत्रलाई मर्यादित र पारदर्शी बनाउन सहकारी संस्थाहरूको अभिलेख व्यवस्थापन, डिजिटल लेखा प्रणाली, उदेश्यमुलक ऋण प्रवाह तथा समावेशिता तथा सहभागितामुलक सभा संचालन सम्बन्धी सघन प्रशिक्षण र अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिनेछ।

४१. वीरगंजको ऐतिहासिक, धार्मिक र पर्यटकीय महत्वलाई विश्वव्यापी प्रचार प्रसार गर्न विश्व पर्यटन दिवस विशेष कार्यक्रमहरूका साथ मनाइनेछ। महानगरपालिका भित्र रहेका सांस्कृतिक, पुरातात्विक र ऐतिहासिक सम्पदाहरूको संरक्षण, संवर्द्धन गर्न डिजिटल अभिलेख निर्माण गरिनेछ। साथै अशोकबाटिका पार्क, इको पार्क, स्वास्ती भिलेज पार्कलाई संचालनमा ल्याइनेछ।

## <u>सामाजिक विकास (शिक्षा, स्वास्थ्य सेवा तथा सामाजिक विकास)</u>

४२. दिगो विकासको लक्ष्य अनुरुप गुणस्तरीय शिक्षा सुचिश्चित गर्न महानगर क्षेत्रभित्र रहेका सम्पूर्ण सामुदायिक तथा संस्थागत विद्यालयको मुल धारबाट कुनै पनि बालबालिकालाइ बञ्चित हुन नदिन खास विद्यार्थी भर्ना दरलाइ शतप्रतिशत बनाउन निरन्तर समन्वय, सहकार्य, अनुगमन तथा मूल्यांकन कार्यमा तिब्रता ल्याइनेछ।

४३. आर्थिक नगरीको रुपमा परिचित वीरगंजमा भएका विभिन्न कलकारखाना, उद्योग तथा व्यपारका लागि आवश्यक जनशक्तिको तथ्याक संकलन गर्दै माग बमोजिमको सीपयुक्त मानव पूँजी निर्माण गर्न रोजगारमूलक शिक्षाका लागि प्रयोगात्मक र व्यवहारिक पाठ्यक्रमको कार्यान्वयनमा जोड दिइनेछ।

४४. विद्यालयलाई प्रविधिमैत्री बनाउनका लागि सबै सामुदायिक माध्यमिक तथा आधारभूत (कक्षा ६-८) विद्यालयमा डिजिटल सिकाइ सामग्री स्मार्ट बोर्ड उपलब्ध गराइनेछ।

४५. अनौपचारिक तथा जीवनपर्यन्त सिकाइलाई जोड दिन सामुदायिक सिकाइ केन्द्रहरु मार्फत क्षमता विकास कार्यक्रमहरु सञ्चालन गरिनेछ। यसका लागि **सीपमुलक साक्षर अभियान** कार्यक्रम सञ्चालन गरिनेछ।

४६. विद्यालयमा सिकाइ सुधार कार्यक्रमलाई अभियानकै रुपमा सञ्चालन गर्न कमजोर सिकाइ उपलब्धि भएका विद्यालयहरुमा अतिरिक्त कक्षा तथा उपचारात्मक कक्षा सञ्चालन गरिनेछ।

४७. विद्यालय संचालन तथा व्यवस्थापन अनुदानलाई वृद्धि गरी विद्यालयको व्यवस्थापन खर्चलाई थप व्यवस्थित गरिनेछ।

४८. महानगरपालिकाको आवधिक शिक्षा योजनालाई कार्यान्वयनमा ल्याइनेछ साथै आवधिक योजना मुताविक महानगरपालिकाको विद्यालय तथा प्राविधिक शिक्षालाई व्यवस्थित गरिनेछ।

४९. प्राविधिक तथा विज्ञान विषय सञ्चालन भएका विद्यालयमा अत्याधुनिक प्रयोगशाला निर्माण गरि शैक्षिक गुणस्तर सुनिश्चित गर्न जोड दिइनेछ।

५०. आधारभूत तह कक्षा ८ को परीक्षालाई स्तरयुक्त परीक्षाको रुपमा विकास गर्न सामुदायिक तथा संस्थागतहरुमा एउटै मादपण्डको आधारमा परीक्षा सञ्चालन गरी गुणस्तर सुनिश्चत गरिनेछ।

५१. विद्यार्थीहरूको शारीरिक विकासका लागि विद्यालयमा खेलकुद तथा अतिरिक्त क्रियाकलापलाई जोड दिँदै शैक्षिक क्यालेण्डरमा नै अतिरिक्त क्रियाकलाप सुनिश्चित गरी विद्यार्थीको सर्वांगिंण विकासमा जोड दिइनेछ।

५२. बालविकास सहजकर्ता तथा विद्यालय कर्मचारीहरूको मनोबल उच्च राख्न नपुग तलबभत्ताको व्यवस्थापन गरिनेछ। शिक्षक अभाव रहेका माध्यमिक विद्यालयहरूमा स्वयंसेवक शिक्षक परिचालन गर्ने नीतिलाइ निरन्तरता दिइनेछ। साथै विद्यालयहरूको नक्साङ्कन र दरबन्दी मिलान गर्ने कार्यलाई वैज्ञानिक बनाइनेछ।

५३. वडा न. ८ स्थित मोन्टेश्वोरीमा आधारित बाल हेरचाह केन्द्रको स्थापनाको लागि पहल गरिनेछ।

५४. आन्तरिक परीक्षा प्रणालीलाई पारदर्शि र विश्वसनीय बनाउदै आन्तरिक मूल्यांकन प्रणालीलाइ सुदृढकरण गर्न शैक्षिक क्यालेन्डर र बुलेटिन प्रकाशन गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

५५. विद्यार्थीको गुणस्तरीय सिकाइ सुनिश्चत गर्न स्थानीय उत्पादनमा आधारित दिवा खाजा कार्यक्रमलाइ प्रोत्साहन गरिनेछ। साथै छात्रामैत्री सिकाइ सुनिश्चत गर्न गुणस्तरीय सेनिटरी प्याड वितरणलाइ प्रभावकारी बनाइनेछ।

५६. भिन्न क्षमता भएका बालबालिकाहरू (बहिरा, दृष्टिविहीन, सुस्तमनस्थिति) लाई अध्ययन गर्न विशेष विद्यालय र स्रोत कक्षालाई अनुदान प्रदान गरि व्यवस्थित बनाइनेछ।

५७. विद्यालयहरूलाई हरित, सफा र सुरक्षित शैक्षिक वातावरणका रूपमा विकास गर्न **“Green and Clean School”** नीतिलाइ निरन्तरता दिइनेछ।

५८. **"घर घरमा रुख: मानव जीवनको सुख"** अभियान संचालन गर्न प्रत्येक विद्यालयहरुले सामाजिक उतरदायित्व अनुरुप विद्यार्थीहरुलाई विरुवा वितरण गरी वृक्षारोपण गर्न तर्फ प्रेरित गरिनेछ।

५९. पाँच वर्षमुनिका बालबालिकालाई प्रदान गरिने पूर्ण खोप तथा किशोरी र गर्भवती महिलाका लागि सञ्चालन गरिने खोप कार्यक्रमको शतप्रतिशत पहुँच सुनिश्चित गरिनेछ। सरसफाई तथा स्वास्थ्य प्रवर्द्धन कार्यक्रमलाई उच्च प्राथमिकतामा राखी पूर्ण खोप दिगोपना कार्यक्रमलाई निरन्तरता दिइनेछ।

६०. पाँच वर्षमुनिका बालबालिकाको नियमित वृद्धि अनुगमन तथा पोषण अवस्थाको मूल्याङ्कनलाई प्रभावकारी बनाइनेछ। न्यून पोषण न्यूनीकरणका साथै बढ्दो अधिक पोषण नियन्त्रण गर्न पोषणमैत्री कार्यक्रम सञ्चालन गरिनेछ।

६१. महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाको स्वास्थ्य क्षेत्रमा रहेको योगदानको उच्च कदर गर्दै उनीहरूको क्षमता अभिवृद्धि, सामाजिक सुरक्षा तथा प्रोत्साहन सुविधामा निरन्तरता दिईनेछ।

६२. मातृ तथा नवजात शिशु मृत्युदर न्यूनीकरण गर्न सञ्चालनमा रहेका बर्थिङ सेन्टरहरूलाई आवश्यक उपकरण, दक्ष जनशक्ति तथा एम्बुलेन्स सेवासहित सुविधा सम्पन्न बनाइनेछ। सुत्केरी आमा, नवजात शिशु, ज्येष्ठ नागरिक तथा नसर्ने रोगबाट प्रभावित व्यक्तिहरूका लागि सामुदायिक नर्सिङ तथा घरदैलो स्वास्थ्य सेवा कार्यक्रम विस्तार गरिनेछ।

६३. स्वास्थ्य बीमाको पहुँचलाई सार्वभौमिक बनाउने उद्देश्यका साथ प्रत्येक घरधुरीलाई स्वास्थ्य बीमा कार्यक्रममा आबद्ध गरिनेछ। बगही प्राथमिक स्वास्थ्य केन्द्रमा सञ्चालित स्वास्थ्य बीमा कार्यक्रमलाई थप प्रभावकारी बनाउँदै उक्त केन्द्रलाई प्रेषण (Referral) केन्द्रका रूपमा विकास गरिनेछ। साथै वडा नं २३ मा सुपथ मूल्यमा स्वास्थ्य परिक्षण गर्न सहुलियत दरको ल्याब सेवा संचालनका लागि आधुनिक सामग्रीहरुको आपूर्ति तथा Digitalized Service मा जोड दिइनेछ।

६४. वडा न. ३ मा निर्माणाधीन सुलभ फर्मेशि र फिजियोथेरापी सेन्टरको निर्माण सम्पन्न गरी संचालनमा ल्याईनेछ।

६५. महानगरपालिका अन्तर्गत सञ्चालित प्रयोगशाला सेवाको गुणस्तर अभिवृद्धि गर्न आधुनिक उपकरण, प्रविधि तथा परीक्षण प्रणालीको प्रयोग विस्तार गरिनेछ।

६६. आधारभूत स्वास्थ्य सेवामा सबै नागरिकको सहज पहुँच सुनिश्चित गर्न स्वास्थ्य संस्थाको भौतिक पूर्वाधार, औषधि आपूर्ति तथा स्वास्थ्यकर्मी व्यवस्थापनलाई थप सुदृढ बनाइनेछ। वीरगंज महानगरपालिका अन्तरगत संचालनमा रहेका स्वास्थ्य प्रयोगशालाहरुको स्तरोन्नत्ती गर्दै आधुनिक प्रविधि उपकरण जडान गरी गुणस्तरिय स्वास्थ्य सेवा प्रवाहमा जोड दिइनेछ।

६७. नसर्ने रोग, मानसिक स्वास्थ्य, क्यान्सर, मधुमेह, उच्च रक्तचाप तथा मिर्गौला रोगको समयमै पहिचान र व्यवस्थापनका लागि नियमित स्वास्थ्य परीक्षण तथा जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।

६८. सुरक्षित मातृत्व, परिवार नियोजन, पोषण तथा प्रजनन स्वास्थ्य सेवाको गुणस्तर अभिवृद्धि गरी स्वास्थ्य सूचकहरूमा सुधार ल्याइनेछ।

६९. महानगर क्षेत्रभित्र क्रियाशील गैर-सरकारी संस्थाहरू (NGOs) सँग परिपूरक विकासका लागि समन्वय र अन्तरक्रिया तथा अभिमूखिकरण गरिनेछ।

७०. गैर-सरकारी संस्थाहरूको दर्ता, नवीकरण, कार्यक्रम सञ्चालन र पारदर्शीता नियमनका लागि स्थानीय कानुन तथा कार्यविधि तर्जुमा गरी व्यवस्थित गरिनेछ।

७१. पानीजन्य सरुवा रोगबाट बच्न र स्वच्छ खानेपानी प्रयोगका लागि समुदायमा (WASH) सचेतना फैलाउने कार्यक्रमलाइ निरन्तरता दिइनेछ।

७२. महानगर क्षेत्रभित्र खानेपानीको गम्भीर समस्या भएका स्थानहरूमा शुद्ध खानेपानी आपूर्ति गर्न डिप बोरिङ खरिद तथा जडान गरी दिगो रुपमा संचालन गरिनेछ।

७३. अपाङ्गता भएका व्यक्तिहरूको आत्मसम्मान र आयआर्जनका लागि क्षमता अभिवृद्धि र सीपमूलक तालिम संचालन गरिनेछ। साथै वास्तविक अपाङ्गता भएका व्यक्तिहरू पहिचान गरी परिचय पत्र वितरण कार्यलाई थप व्यवस्थित बनाइनेछ।

७४. महिलाहरूको नेतृत्व विकास र हक अधिकारका लागि समुदाय स्तरमा सचेतना र अभिमुखीकरण कार्यक्रम विस्तार गरिनेछ। लैंगिक रूपमा अल्पसंख्यक (LGBTQIA+) समुदायको पहिचान, अधिकार र सामाजिक समावेशीकरणका लागि कार्यक्रम संचालन गर्दै प्रदेश सरकारको सहयोगमा GESI अडिट कार्य अगाडि बढाइनेछ।

७५. बालबालिकाको विकास, संरक्षण र सहभागिता सुनिश्चित गरी बालमैत्री शासनमा जोड दिइनेछ।

७६. ज्येष्ठ नागरिकहरूलाई टहल्न र मनोरञ्जनका लागि पार्कभित्र हरियाली र पूर्वाधार विकास गरिनुका साथै समाजका अग्रज ज्येष्ठ नागरिकहरूको अनुभवको कदर गर्दै सम्मान तथा सद्भाव कार्यक्रम संचालन गरिनेछ।

७७. राज्यको कोषमा योगदान पुऱ्याउने उद्देश्यले स्वेच्छाले भत्ता त्याग्ने नागरिकलाई सार्वजनिक रूपमा सम्मान गर्ने नीति अवलम्बन गरिनेछ।

७८. सामाजिक सुरक्षा भत्ता वितरणको पारदर्शीता र प्रभावकारिता सुनिश्चित हुने गरी अनुगमन प्रणालीलाइ क्रियाशिल बनाइनेछ।

## सुशासन, प्रशासन र अन्तरसम्बन्धित क्षेत्र

७९. महानगरपालिकाका सम्पूर्ण प्रशासनिक कार्यलाई डिजिटल अभिलेख प्रणालीमा आबद्ध गरी Paperless, Faceless and Cashless बनाउदै सार्वजनिक प्रशासनलाई नागरिकमैत्री, पारदर्शी, जवाफदेही तथा परिणाममुखी बनाइनेछ।

८०. वीरगंज महानगरको कर्यचाप अनुसार जनशक्ति व्यवस्थापन गर्न व्यवस्थापन तथा सर्वेक्षण (O & M) गरीनुका साथै कर्मचारीको कार्यसम्पादनलाई नतिजासँग आबद्ध गरी कार्यसम्पादनमा आधारित मूल्याङ्कन तथा प्रोत्साहन प्रणाली अवलम्बन गरिनेछ।

८१. वीरगंज महानगरपालिका अन्तरगतका कर्मचारीहरुको क्षमता विकासका साथ वृति विकासका लागि आवश्यक सेवाकालिन तालिमको ब्यवस्था गरिनेछ।

८२. राजस्व प्रशासनलाई आधुनिक, पारदर्शी, करदातामैत्री तथा परिणाममुखी बनाउन व्यवसाय प्रक्रिया पुनःसंरचना (Business Process Reengineering-BPR) गरिनेछ। राजस्व संकलनका सम्पूर्ण प्रक्रियाको सरलीकरण, डिजिटलीकरण तथा स्वचालन गरी करदातालाई सहज सेवा उपलब्ध गराइनुका साथै करको दायरा विस्तार, कर चुहावट नियन्त्रण तथा राजस्व संकलनमा वृद्धि गरिनेछ।

८३. महानगरपालिकाको चल तथा अचल सम्पत्तिको डिजिटल अभिलेख तयार गर्न सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीलाई वडास्तर सम्म प्रयोग गरिदै लगिनेछ।

८४. सार्वजनिक जवाफदेहिता प्रवर्द्धन गर्न सार्वजनिक सुनुवाइ, सामाजिक परीक्षण तथा नागरिक सहभागिताका कार्यक्रम सञ्चालन गरिनेछ।

**नगर सभाका सदस्यहरुज्यूहरु,**

यस नगरसभाको २०औं अधिवेशनमा धैर्यधारण गरी अर्थपूण सहभागिता जनाइदिनु भएकोमा यहाँहरु प्रति आभार प्रकट गर्न चाहन्छु। यस नीति तथा कार्यक्रमको सफल कार्यान्वयनमा सबैको सक्रिय सहभागिताको लागि सहयोग र सदभाव प्राप्त हुनेछ भन्ने विश्वास लिएको छु।

**धन्यवाद**

**इम्तियाज आलम**

**का.बा. प्रमुख**